
प्रधानमन्त्री



काठमाडौं, नेपाल ।

# शुभकामना

**"विश्वको सर्वोच्च शिखर सगरमाथा : नेपालको पहिचान र गौरव"** (Sagarmatha: Identity and Pride of Nepal) भन्ने नाराका साथ मे २९ मा मनाउन लागिएको ७२औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसका अवसरमा विश्वका पर्वतारोहणसँग सम्बद्ध व्यक्ति, पर्वतारोहण व्यवसायी, पर्वतारोहीलगायत यस क्षेत्रमा आवद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

यही जेठ २ देखि ४ गतेसम्म नेपालमा आयोजित **"जलवायु परिवर्तन, पर्वत र मानवताको भविष्य"** भन्ने नाराका साथ सगरमाथा संवाद कार्यक्रम भव्यतापूर्वक सम्पन्न गरी अन्तर्राष्ट्रिय समुदायको ऐक्यबद्ध प्रयास हासिल गर्न हामी सफल भएका छौं।

मे २९ पर्वतारोहणको क्षेत्रमा एक ऐतिहासिक तथा उत्सवमय दिन हो। आजकै दिन सन् १९५३ मा विश्वको सर्वोच्च शिखर सगरमाथामा सर्वप्रथम नेपालका तेन्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका सर एडमण्ड हिलारीले सफल आरोहण गरी सगरमाथाको चुचुरो चुमेका थिए। यी महान् आरोहीको अदम्य साहस र अथक प्रयास मानव समुदायको लागि एउटा प्रेरणाको स्रोत बनेको छ। सगरमाथामा मानव पाइला पुगेको ऐतिहासिक र गौरवमय यस क्षणलाई स्मरण गर्न मे २९ लाई नेपालले सन् २००८ देखि प्रत्येक वर्ष अन्तर्राष्ट्रिय सगरमाथा दिवसको रुपमा मनाउँदै आइरहेको छ।

नेपालका हिमालहरू विश्व जगतकै अमूल्य निधि हुन्। यसको संरक्षण एवम् व्यापक प्रचारप्रसार गरी विश्वभरिका साहसिक पर्यटकहरूलाई नेपाल भित्र्याई नेपालको पर्यटन व्यवसायलाई सुदृढ एवम् समुन्नत बनाई **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सहयोग पुग्नेछ भन्ने अपेक्षा लिएको छु। अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइरहँदा यसले विश्वव्यापी जलवायु परिवर्तनको कारण तापक्रमको वृद्धिसँगै सगरमाथा लगायतका हिमालहरू यसको असरको चपेटामा पर्दै गएका छन्। जलवायु परिवर्तनको असर न्यूनीकरण तथा हिमालका फोहोरमैला व्यवस्थापन लगायतका चुनौतीलाई सामना गर्दै हिमाललाई प्रदुषणरहित बनाइराख्न र पर्यटकीय क्रियाकलापमा वृद्धि गर्न सार्वजनिक क्षेत्र, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, गैह्रसरकारी क्षेत्र तथा पर्यटन सम्वद्ध सङ्घ संस्थाबिच मजबुत सहकार्य तथा समन्वय आवश्यक छ।

अन्त्यमा, ७२औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसको अवसरमा पर्यटन क्षेत्रको विकासमा जुट्न सबैमा हार्दिक अपिल गर्दै पुनः एकपटक शुभकामना व्यक्त गर्दछु।

केपी शर्मा ओली

२०८२ जेठ १५

११४५ तछलाथ्व: ३.९, बिहिबार